**सञ्चय बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
**पोखरा ८, कास्की**

चौधौं बार्षिक साधारणसभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षबाट प्रस्तुत
बार्षिक प्रतिवेदन

संस्थाको चौधौं बार्षिक साधारणसभामा समुपस्थित संचालक समितिका पदाधिकारी ज्यूहरु, सल्लाहकार, लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरु ज्यूहरु, ऋण उपसमिति, महिला परिचालन उपसमिति, शिक्षा उपसमिति, सदस्य कल्याणकारी कोष व्यवस्थापन उपसमितिका पदाधिकारी ज्यूहरु तथा सम्पूर्ण शेयर सदस्य दाजुभाई दिदी बहिनीहरु,

प्रथमतः संस्थाको १४ औं बार्षिक साधारणसभाका अवसरमा यहाँहरु सवैलाई हार्दिक स्वागत गर्दै आशन्न बडा दशैंकौ पावन अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु । साधारणसभा कुनै पनि संस्थाको सर्वोच्च निकाय हो । साधारणसभाले नै संस्थालाई सुदृढ गर्न महत्वपूर्ण दिशा निर्देश गर्न सक्छ । त्यसैले संस्थाको बर्षभरीमा गतिविधिको लेखाजोखा गर्न र आगामी दिनमा संस्थालाई थप गतिशील बनाउन महत्वपूर्ण मार्गदर्शन मिल्ने अपेक्षा गरिएको छ ।

- सहकारीको मूल्य, मान्यताभित्रै रहेर हाम्रो संस्थाले आफ्ना गतिविधि अघि बढाएकै कारण यो परिवारले क्रमशः बृहत आकार ग्रहण गर्दैछ । गत असार मसान्तसम्म शेयर सदस्य ८५७ पुगेका छन्, जसमा पुरुषको संख्या ५०३ र महिलाको संख्या ३५४ पुगेको छ । शेयर सदस्य संख्या क्रमशः बढ्दो छ ।
- संस्थाको शेयर पुंजी रु.३ करोड २३ लाख ५६ हजार पुगेको छ । अघिल्लो वर्ष हामीले शेयर थप्न शेयर सदस्यहरुलाई आग्रह गरेनौं, त्यसैले शेयर पूँजिमा खासै बढोत्तरी भएन । अघिल्लो वर्ष शेयर पूँजि रकम रु. ३ करोड १० लाख ९ हजार थियो ।
- संस्थाको कार्यालय प्रयोजनको लागि उपयुक्त घरजग्गाको खोजीमा छौं । त्यस्तो उपयुक्त जग्गा/घर हालमात्र फेला परेको छ, जसको प्रारम्भिक कुरा भईसकेको र गत हप्ता मात्र बसेको संचालक समितिको बैठकले सकारात्मक रुपमा लिएको र उक्त जग्गा/घर खरिद गर्ने नगर्ने निर्णय साधारणसभामा लैजाने निर्णय भएकोले यसपछिको छुट्टै एजेण्डामा यहाँ प्रस्तुत हुने व्यहोरा यहाँहरु समक्ष जानकारी गराउन चाहान्छु ।
- यस अवधिमा कूल २९२ बटा ऋण मागका लागि निवेदन परेकोमा ऋण उपसमितिको सिफारीस र प्रबन्ध सञ्चालकको अख्तियारीमा गरी २७० जना सदस्यहरुलाई रु.२० करोड ८ लाख ४० हजार ऋण स्विकृति भई लगानी भएको थियो । जसमध्ये प्रबन्ध सञ्चालकको अख्तियारीभन्दा माथिको ४३ जना सदस्यहरुको रु.८ करोड ३ लाख ऋण उपसमितिको सिफारीसको आधारमा भएको थियो ।
- रेमिटान्स कारोवारमा पनि यस वर्षदेखि मुनाफामा गएको छ । हाल हामीले वेस्टर्न युनियन, आई.एम.ई., प्रभू, हिमाल, मनिग्राम, एक्सप्रेस मनि, इजी रेमिट र मेगा रेमिटको रेमिटान्स सेवा दिंदै आएका छौं । अन्य राम्रो कारोवार भएका रेमिटान्स कम्पनीको एजेन्सी लिई कारोवारमा थप विस्तार गरिनेछ ।
- सहकारी सिद्धान्तअनुसार सहकारीहरुवीच पारस्परिक सहयोग बढाउन पोखरा-८, सृजनाचोक स्थित गोल्डेन बचत तथा ऋण सहकारी संस्थासँग आवश्यक परेको समयमा नगद सापट आदान प्रदान गर्न सहमत भई कारोवार भईरहेको छ । अन्य सहकारी संस्थाहरुसँग पनि सम्बन्ध विस्तार गरिनेछ ।
- संस्थाको सामाजिक उत्तरदायित्व अन्तर्गत कास्की नेत्रहीन संघको अनुरोधमा ४० थान सेतो छडीको लागि रु.२४ हजार सहयोग प्रदान गरिएको छ । यस्तै सिद्धि सेतुली स्मृति प्रतिष्ठानको बाल हित कोषका लागि बार्षिक रु.१५०० का दरले ५ बर्षसम्म सहयोग गरिने भएको छ ।

- ❖ संस्थाको बार्षिक कार्यक्रम अनुसार अन्तर्राष्ट्रिय सहकारी बर्ष-२०१२ का सन्दर्भमा गत पौष १४ गते सहकारीहरुवीच पारस्परिक सहयोगका संभावना एवं चुनौति विषयमा अन्तरक्रिया कार्यक्रम गरियो । अन्तरक्रिया कार्यक्रम सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयका प्रांचार्य श्री नारायण प्रसाद अर्यालज्यूको प्रमुख आतिथ्यमा कास्कीका विभिन्न सहकारी संस्थाका पदाधिकारी, कास्की बचत तथा ऋण सहकारी संघ र जिल्ला सहकारी संघका पदाधिकारी लगायत ४५ जनाको सहभागिता थियो । उक्त कार्यक्रममा महेन्द्रमान व्यथितज्यूले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने त्यसमाथि कास्की बचत तथा ऋण सहकारी संघका अध्यक्ष श्री भिम गुरुङ्गज्यूले टिप्पणी गर्नुभएको थियो ।
- ❖ साहस हाईड्रोपावर कम्पनीले गुल्मी जिल्लाको माथिल्लो हुग्दीखोलामा सञ्चालित ५ मेगावाट क्षमताको लघु जलविद्युत आयोजनामा रु.१० लाख शेयर राख्ने निर्णयअनुसार पहिलो किस्ता रु.४ लाख भुक्तानी भईसकेको यहाँहरुलाई जानकारी गराउन चाहान्छु । उक्त आयोजनाको शिलान्यास समारोहमा संस्थाका सल्लाहकार पशुपति श्रेष्ठ सहभागी हुनुभएको थियो ।
- ❖ यस संस्थाले राष्ट्रको राजश्वमा पनि राम्रो योगदान गरेको छ । यस आ.व.मा मात्र संस्थाले आयकर वापत रु.१४ लाख ४ हजार र  सदस्यहरुको निक्षेप व्याजकर वापत रु.१० लाख ७ हजार बुझाएको छ ।
- ❖ यस संस्थाले आफ्नो छुट्टै वेवसाईट खोलेको अवस्था र घरमै बसी ईन्टरनेट र इमेल मार्फत् सवै कुरा थाहा पाउन कम्प्युटर ज्ञान आवश्यक भएकोले यसवर्ष हामीले संस्थाको शिक्षा कोषबाट आफ्ना शेयर सदस्यहरुलाई निःशुल्क ईन्टरनेट र इमेल सम्बन्धि तालिम सञ्चालन सुरु गरेका छौं, यसबाट हालसम्म २४ सदस्यले तालिम लिई लाभान्वित भएका छन् ।
- ❖ संस्थाको व्यवस्थापनमा थप सुधार गर्न संस्थामा कार्यरत कर्मचारीहरुलाई समय समयमा तालिममा सहभागी गराउँदै आएका छौं । यसवर्ष जिल्ला सहकारी संघको आयोजनामा सञ्चालित ३ दिने लेखा तालिममा यस संस्थाका सहायक संगीता गुरुङ्ग सहभागी भएका थिए ।
- ❖ जिल्लामा हुने सहकारी गतिविधिहरुमा सञ्चालक समितिका पदाधिकारी एवं प्रबन्ध संचालकले भाग लिने क्रम यो वर्ष पनि जारी रह्यो । जसअनुसार कास्की बचत तथा ऋण सहकारी संघको साधारणसभामा म अध्यक्ष स्वयंले भाग लिने अवसर पाएको थिएँ । कास्कीको ल्वाङ.घलेलमा आलमण्ड खेती गर्ने सम्बन्धमा पटक पटक भएको छलफलमा मैले भाग लिँदै आएको छु । परियोजनाको काम अघि बढिरहेको छ । आलमण्ड विज्ञहरुको एक टोली भारतबाट आएर स्थलगत अध्ययन गरेपछि मात्र खेती गर्ने सम्बन्धमा ठोस निर्णय हुनेछ । जिल्ला सहकारी संघको ३९ औं बार्षिक साधारणसभामा समितिका सदस्य करुणानिधी शर्मा पौडेलले भाग लिनुभएको थियो । राष्ट्रिय सहकारी बैंकको शेयर तथा निक्षेप बृद्धि सम्बन्धि अन्तरक्रिया कार्यक्रममा प्रबन्ध सञ्चालक जगन श्रेष्ठ सहभागी हुनुभएको थियो । त्यस्तै सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय पोखराले आयोजना गरेको चितवन स्थित दुग्ध उत्पादक कृषि सहकारी संस्था, तरकारी तथा फलफूल उत्पादक सहकारी संस्था र सिन्धुली स्थित सहकारीहरु मार्फत् आयोजित जुनार खेती एवं प्रशोधनको स्थलगत भ्रमण गरी जानकारी लिने काम भएको थियो ।
- ❖ राष्ट्रिय सहकारी दिवसको सन्दर्भमा कास्कीमा आयोजित साईकल र्‍याली तथा जुलुसमा संस्थाको तर्फबाट संस्थाको टिसर्ट र व्यानर सहित सहभागिता जनाइएको थियो ।
- ❖ यसवर्ष संचालक समितिको ११ पटक, लेखा सुपरीवेक्षण समितिको १२ पटक, ऋण उप समितिको २० पटक र सदस्य कल्याणकारी कोष व्यवस्थापन उपसमितिको ३ पटक बस्यो भने चैत्र १ गते संस्थाको १३ औं बार्षिकोत्सव मनाईयो ।
- ❖ संस्थाका सदस्य त्रय क्रमशः हिरा बहादुर शाह, भुवानी पुन र नानीमाया अधिकारीलाई यसवर्ष हामीले सदाका लागि गुमायौं ।
- ❖ चालु आ.व.मा संस्थाले महिला सदस्य परिचालन उपसमितिको अनुरोध अनुसार महिला सदस्यहरका लागि आयमूलक तालिम तथा बचत सम्बन्धि उत्प्रेरणा तालिम संचालन गर्ने,

कम्प्युटर शिक्षा अन्तर्गत ईमेल तथा ईन्टरनेट तालिमलाई निरन्तरता दिने, अध्ययन भ्रमणलाई निरन्तरता दिने, नयाँ सदस्यहरुलाई सहकारीको आधारभूत तालिम दिने, कर्मचारीलाई दक्षता अभिबृद्धि तालिम दिइने योजना बनाएको छ ।

- यो संस्थाको कार्यक्षेत्र कास्की जिल्लाभरी भएकोले यसका सदस्यहरु छरिएका छन्, हाल पोखरा नगर क्षेत्र बाहेक बाहिर मध्ये लेखनाथमा पनि हाम्रा सदस्य धेरै भईसकेका छन्, उक्त क्षेत्रमा रहेका सदस्यहरुमा सहज रुपमा सेवा पुऱ्याउन र सदस्य बृद्धि गर्न लेखनाथमा सेवा केन्द्र खोल्न आवश्यकता देखिएकोले सोको लागि पहल गर्ने योजना रहेको छ ।
- सहकारीको पूँजी उत्पादक क्षेत्रमा लगानी गर्न सकेमा संस्थाको मात्र नभई राष्ट्रको लागि पनि आर्थिक योगदान रहने हुँदा शेयर सदस्यहरुसँग समन्वय गरेर वा अन्य सहकारी संस्थाहरुसँग मिलेर कृषि उत्पादन तथा आद्योगिक एवं सेवा क्षेत्रमा लगानीका संभाव्यता खोजी कार्य गर्ने सोंच रहेको छ ।
- हाल संस्थामा ४ पुरुष र २ महिला गरी जम्मा ६ जना कर्मचारी कार्यरत छन्, यसरी थोरै कर्मचारीबाट पनि सदस्यहरुको सुविधाको लागि विहान ८ बजे देखि बेलुकी ६ बजेसम्म र विदाको दिनमा समेत विहान १० बजेदेखि दिउँसो ३ बजेसम्म निरन्तर सेवा उपलब्ध गराउँदै आएको सर्वविदितै छ, सदस्यहरुलाई अझ बढि सेवा दिने उद्देश्यले हाल संस्थाले आफ्नो वेवसाइट र फेसवुक मार्फत् सदस्यहरुलाई संस्थाको क्रियाकलापहरु वारेमा जानकारी दिँदै आएका छौं । त्यस्तै बचतकर्ताहरुलाई मोवाइल मार्फत आफ्नो बचत कारोवार थाहा पाउन एवं बैलेन्स जानकारी लिन निःशुल्क एस.एम.एस.सेवा पनि दिँदै आएका छौं ।
- सदस्य कल्याणकारी कोष स्थापनाको उद्देश्यअनुसार सदस्यहरुलाई सहयोग गर्नुपर्ने रकम बृद्धि गर्नुपर्ने आवश्यकता महशुस गरिएको छ । जसअनुसार विद्यमान कल्याणकारी कोषको नियमावली संशोधन पारित गर्ने आजको एजेण्डा रहेको छ ।
- गतवर्ष हामीले योजना गरेको सदस्यहरुलाई परिचयपत्र वितरण गरी विभिन्न पसल, हस्पिटल, स्कूल आदिमा केही प्रतिशत भए पनि छुट गराउने कार्य गर्न नसकेकोमा सो अधुरो कार्य यसवर्ष पुरा गर्ने प्रतिवद्धता गर्दछौं ।

अन्त्यमा प्रवेशिका परीक्षा, १२ कक्षा परीक्षामा उत्कृष्ट स्थान हसील गरी सञ्चय प्रतिभा पुरस्कारबाट पुरस्कृत हुने विद्यार्थीहरु, विभिन्न तहको अध्ययन र राष्ट्रिय स्तरमा सफलता हासिल गरी सम्मानित हुने सदस्य तथा सदस्यका परिवारहरुलाई पनि हार्दिक बधाई ज्ञापन र उत्तरोत्तर प्रगतिको कामना गर्नछौं । सहकारीमा सहकार्यबाट नै सफलता प्राप्त हुन्छ । त्यसैले आफ्ना सम्पूर्ण कारोवार आफ्नै सहकारीबाट गर्न र सहकारी गतिविधिमा सकृय सहभागिताका लागि हार्दिक अपील गर्दै बिदा हुन्छु । धन्यवाद । जय सहकारी ।

प्रस्तोता

नारायण कार्की
अध्यक्ष